# महाकाली नगरपालिका
## Mahakali Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
खलंगा दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल
Khalanga Darchula, Sudurpashchim Province, Nepal

प.स.०७८/०७९
च.न. ९६०३६०

मितिः २०७८/१२/२०

विषयः नगरस्तरीय परीक्षा संचालन सम्बन्धमा।

श्री कक्षा ५ र कक्षा ८ संचालित विद्यालयहरु सबै,
महाकाली नगरपालिका, दार्चुला।

प्रस्तुत विषय सम्बन्धमा महाकाली नगरपालिका आधारभुत तह (कक्षा ५ र ८) परीक्षा संचालन तथा व्यवस्थापन समितिको विभिन्न मितिमा बसेको बैठकको निर्णयानुसार नगरस्तरीय परीक्षा संचालन सम्बन्धमा तपसील अनुसारका कृयाकलापहरु गर्न/गराउन हुन अनुरोध छ।

नर सिंह बडाल
प्रमुख प्रशासकीय अधिकृत

तपसीलः

१. शैक्षिक सत्र २०७८ का नगरस्तरीय परीक्षा मिति २०७८/१२/२७ बाट नगरपालिकाले प्रकाशन गरेको परीक्षा तालिका अनुसार संचालन गर्ने।
२. नगरस्तरीय परीक्षा संचालनका लागि परीक्षा केन्द्र सम्बन्धित विद्यालय मै रहने र सम्बन्धित विद्यालयका प्रधानाध्यापक केन्द्राध्यक्ष रहने।
३. परीक्षा संचालनका लागि प्रश्नपत्र छपाइ र नतिजा प्रकाशनको कार्य नगरपालिकाबाट हुने तथा परीक्षा संचालन तथा व्यवस्थापन सम्बन्धी अन्य कार्यहरु विद्यालय स्वयंले नै व्यवस्थापन गर्ने।
४. परीक्षा संचालनका लागि संस्थागत विद्यालयहरुले परीक्षा शुल्क बापत कक्षा ५ का लागि प्रति विद्यार्थी रु. २०० र कक्षा ८ का लागि रु. ४०० रकम संकलन गरी उक्त रकमको ५०% रकम प्रश्नपत्र निर्माण, छपाइ र नतिजा प्रकाशन लगायतका प्रशासनिक कार्य संचालनका लागि मिति २०७८/१२/२५ गते भित्र शिक्षा शाखामा बुझाउने।
५. परीक्षा संचालनका लागि सम्बन्धित विद्यालयले मिति २०७८/१२/२४ र २५ गते सम्ममा शिक्षा शाखाबाट प्रश्नपत्र, प्रवेशपत्र र कक्षा ८ को Template को Softcopy बुझिलिने।
६. नगरस्तरीय परीक्षासंग सम्बन्धित कक्षाका प्रयोगात्मक परीक्षाहरु लिखित परीक्षा संचालन हुनु अगावै पठनपाठनमा बाधा नपर्ने गरी विद्यालयमा संचालन गरी अभिलेखन गर्ने।
७. परीक्षा अवधिभर कुनै आकस्मिक बिदा पर्न गएमा समेत नगरपालिकाको पूर्व सूचना बिना परीक्षा स्थगित नहुने।
८. संचालित परीक्षाको समष्टिगत अभिलेख तयार गरी प्रधानाध्यापकबाट प्रमाणित गराइ कक्षा ८ को हकमा अभिलेख अनुसारका प्रासाङ्क (सैद्धान्तिक र प्रयोगात्मक दुबै) र विद्यार्थीको

ईमेलः info@mahakalimun@gov.np, mmdarchula@gmail.com, website
www.mahakalimundarchula.gov.np
Facebook page: https://www.facebook.com/mahakalimun
फोन नं०९३-४२०१३७, टोलफ्री न. १६६०९३४२१३७

प.स.०७८/०७९
च.न. ९६०३६

बार्षिक हाजिरी विवरण समेत IEMIS को Excel Based Achievement File मा Entry गरी मिति २०७९/०१/१५ भित्र अनिवार्य रुपमा Upload गरी प्रमाणित Hardcopy शाखामा पेश गर्ने।

९. कक्षा ५ को सम्बन्धमा मार्कसिट र मार्कलेजर शिक्षा शाखाबाट बुझिलिइ आवश्यक विवरण र प्राप्ताङ्क भरी मिति २०७९/०१/१० गते भित्र प्रमाणीकरणका लागि शिक्षा शाखामा पेश गर्ने।

१०. Internet को सुविधा नभएका विद्यालयहरुले परीक्षा तथा IEMIS संग सम्बन्धित कार्यहरु गर्नका लागि शिक्षा शाखामा सम्पर्क गर्ने। (IEMIS संग सम्बन्धित कुनै पनि कार्य गर्नु परेमा तथ्याङ्कको गोपनियता र सुरक्षालाइ ध्यानमा राखी नजिकको विद्यालय वा शिक्षा शाखा बाहेक अन्यत्र कतैबाट नगर्ने/नगराउने।)

महाकाली नगरपालिका

नगरस्तरीय परीक्षा (कक्षा ५ र ८) २०७८

समय सारणी

| मिति | बार | कक्षा ५ | कक्षा ८ | समय |
|---|---|---|---|---|
| | | विषय | विषय | |
| २०७८/१२/२७ | आइतबार | नेपाली | नेपाली | विहान ८ बजे |
| २०७८/१२/२८ | सोमबार | अंग्रेजी | अंग्रेजी | |
| २०७८/१२/२९ | मंगलबार | विज्ञान | विज्ञान | |
| २०७८/१२/३० | बुधबार | सामाजिक | सामाजिक | |
| २०७९/०१/०२ | शुक्रबार | गणित | पेशा व्यवसाय र प्रविधि | |
| २०७९/०१/०४ | आइतबार | स्थानीय विषय | गणित | |
| २०७९/०१/०५ | सोमबार | | नैतिक शिक्षा र स्वास्थ्य तथा शारीरिक शिक्षा | |
| २०७९/०१/०६ | मंगलबार | | स्थानीय विषय | |

**बोधार्थः**

श्री सूचना प्रविधि शाखाः सूचना वेबसाइटमा अपलोड गरिदिन हुन।